का.जि.प्र.का.द.नं. १००/०५९/६०
३२ जेठ २०८०,
बिहीबार
15 June 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १४० । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# अल्पमतको शासन



पारित हुने अवस्था नदेखिएपछि प्रदेश सभा बैठकमा पेश भएको नीति तथा कार्यक्रममाथि छलफल नै नगरी अधिवेशन अन्त्यको सिफारिस गरिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।




कोशी प्रदेशमा सरकार अल्पमतमा पर्ने डरले प्रदेश सरकारले बजेट नै नल्याइ अधिवेशन अन्त्य गरेको छ । सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश सभामा पेश गरेर अधिवेशन अन्त्य गरेको छ । प्रदेश सरकारको सिफारिसमा बुधबार राति १२ बजेबाट लागु हुने गरी प्रदेश प्रमुख पर्शुराम खापुङले चालू दोश्रो तथा बजेट अधिवेशन अन्त्य गरेका हुन् ।

बजेट अधिवेशन अन्त्य गरेको सरकारले अब अध्यादेशबाट बजेट ल्याउनेछ । बुधबार बसेको प्रदेश सभा बैठकमा प्रदेश प्रमुख खापुङले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । पास नहुने अवस्था देखिएपछि सरकारले नीति तथा कार्यक्रममा छलफल नै नगरी अधिवेशन अन्त्यको सिफारिस गरेको हो । नेकपा माओवादी केन्द्र र जसपाले सरकार छाडेपछि मुख्यमन्त्री अल्पमतमा परेका हुन् ।

## ■ अध्यादेशबाट बजेट ल्याउने तयारी

नीति तथा कार्यक्रममा छलफल नै नगरी अधिवेशन अन्त्य गरेको सरकारले बजेट अध्यादेशबाट ल्याउने तयारी गरेका छन् । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले असार १ गते अध्यादेशबाट बजेट ल्याउनेछन् । हाल कोशी प्रदेश सरकारमा नेकपा एमाले र राप्रपा मात्र छ ।

## ■ तत्काल विश्वासको मत नलिने




संविधान अनुसार सरकारले ३० दिनभित्र विश्वासको मत लिन्छ ।

● **रेवतीरमण भण्डारी**
**प्रमख सचेतक, एमाले संसदीय दल, प्रदेश सभा**


नेकपा एमालेले भने ३० दिनभित्र विश्वासको मत लिने बताएको छ । एमाले संसदीय दलको प्रमख सचेतक रेवतीरमण भण्डारीले सत्ता साझेदार दलले सरकार छाडेपछि ३० दिनभित्र विश्वासको मत लिने संवैधानिक व्यवस्था आफूहरुले जानकारी भएको बताए । तर आजै विश्वासको मत लिनुपर्छ भन्न नमिल्ने उनको भनाइ छ ।

## सरकार छाड : कांग्रेस, माओवादी



सरकारलाई कन्फिडेन्स छ भने विश्वासको मत लिएर असार १ गते बजेट ल्याउने समय छ । विश्वासको मत नलिने भए सरकार छाडियोस् ।

**केदार कार्की**
**प्रदेश सभा सदस्य, कांग्रेस**



अध्यादेशबाट बजेट ल्याउने हठ नराख्न आग्रह छ ।

**गणेश उप्रेती**
**प्रदेश सभा सदस्य, माओवादी केन्द्र**

२३ जेठमा नेकपा माओवादी केन्द्रले सरकार छाडेपछि मुख्यमन्त्री कार्कीलाई ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता छ ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीका नेताहरुले सरकार अल्पमतमा रहेकाले विश्वासको मत लिन आग्रह गरेका छन् ।

नेकपा माओवादी केन्द्रका प्रदेश सभा सदस्य गणेश उप्रेतीले अल्पमतमा परेपछि पहिले विश्वासको मत लिनुपर्ने बताए । अध्यादेशबाट बजेट ल्याउने हठ नराख्न मुख्यमन्त्रीलाई उनको आग्रह छ । प्रदेश सभा बैठकको विकल्पमा नजान सरकारलाई उनको सुझाव छ ।

नेपाली कांग्रेसका प्रदेश सभा सदस्य केदार कार्कीले भने, 'सरकारलाई कन्फिडेन्स छ भने विश्वासको मत लिएर असार >>> पृष्ठ २ मा

भित्रियो मनसुन



## विपद् व्यवस्थापनमा छैन पूर्वतयारी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।


नेपालमा बुधवारबाट मनसुन भित्रिएपनि सरकारले भने अघिल्ला वर्षहरुमा जस्तै पूर्वतयारी गर्न सकेकै छैन । प्राकृतिक विपत्तिपछि हतारहतार राहात बाँढ्न पुग्ने सरकार विपद् व्यवस्थापनको पूर्वतयारीमा भने यो वर्षपनि चुक्ने देखिएको हो । सरकारले बाढीपहिरो, डुबान र भुकम्पलाई लक्षित गरेर योजना भने वर्षेसाल बनाउन छाडेको छैन । २०७४ मा बाढीपहिरोजन्य जोखिम कम गर्न भन्दै सरकारले नयाँ रणनीति पनि तयार पार्यो । जसअनुसार सन् २०३० सम्म बाढीपहिरोको जोखिम पूर्ण कम गर्ने उल्लेख पनि गरिएको छ । तर, सो निर्णय कार्यान्वयन गराउन सरकार जागरुक नदेखिदाँ उक्त योजना योजनामै सीमित भएको छ ।

'हामी विपद्को तयारीमा वर्षेनी जस्तो लागेका छौँ, सरकारले वर्षेनी पहल गरेपनि प्राकृतिक भुबनोटले समस्या भएको हो, सरकारले प्रयत्न गरिरहेकै छ' विपद् जोखिम तथा न्यूनीकरणका प्रवक्ता ध्रुब बहादुर खड्काले भने । उनले सकेसम्म जोखिम कम गराउने र घटना भएमा राहातको तत्काल व्यवस्था गर्ने प्रयास भईरहेको बताएका हुन् ।

हरेक वर्ष बाढीबाट १ सय ५० जनाको मृत्यु र सयजना घाइते हुने गरेको प्राधिकरणको तथ्यांकले देखाउँछ भने बाढीपहिरोबाट १ अर्ब ८५ करोडभन्दा बढीको भौतिक क्षति हुने गरेको देखिन्छ । प्राधिकरणका अनुसार १० वर्षयता पहिरोमा पुरिएर करिब एक हजार जनाको मृत्यु भएको छ । सोही अवधिमा १७ अर्ब ६५ करोडको >>> पृष्ठ २ मा

## जाति, भाषा र धर्मको तथ्यांक सच्याइने

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।



जाति, भाषा र धर्मको तथ्याङ्क सच्याइने भएको छ । नेपालका आदिवासी जनजाति संघ, संस्थाहरूले राष्ट्रिय जनगणना २०७८ को जाति, भाषा र धर्मसम्बन्धी तथ्यांक गलत रहेको भन्दै सच्याउन माग गरेका थिए ।

नेपाल आदिवासी जनजाति महासंघको संयोजनमा विभिन्न जातीय संगठनहरूले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई उक्त माग समेतिएको ज्ञापनपत्र बुझाएका हुन् । तथ्यांक कार्यालयले जारी गरेको जाति, भाषा, धर्मको महलमा जातिहरूलाई फुटाएको भन्दै आदिवासी जनजाति संघ, संस्थाहरूले कानुनी व्यवस्थाअनुसार तथ्यांक सच्याउन र जातिभित्रको थरहरूलाई जातिको रुपमा नछुट्टाउन आग्रह गरेका थिए ।

जवाफमा प्रधानमन्त्री दाहालले कानुनी व्यवस्थाअनुसार अगाडि बढ्ने उक्त तथ्यांक सच्याउने प्रतिबद्धता व्यक्त गरेका हुन् । 'कानुनी व्यवस्था के छ त्यस बारेमा पनि म बुझ्छु । यसको विषयमा मलाई पनि जानकारी छैन । तथ्यांक कार्यालयका सम्बन्धित >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# नेपाल र यूएईबीचको श्रम सम्झौता नवीकरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ

नेपाल र संयुक्त अरब इमिरेट्स (यूएई)बीच आगामी चार वर्षका लागि श्रम सम्झौता नवीकरण भएको छ । नेपाल र यूएईका अधिकारीहरुबीच बुधबार काठमाडौंमा भएको उच्चस्तरीय संयुक्त समितिको बैठकले श्रम सम्झौता स्वतः नवीकरण हुने व्यवस्थामा सहमति जनाएको छ ।

चार वर्षअघि दुवै देशबीच भएको श्रम सम्झौताको अवधि बुधबारसम्म मात्र थियो । सम्झौता नवीकरणका लागि यूएईको तर्फबाट मिनिष्ट्र ह्युमन रिसोर्स एण्ड इमिरटाइजेशनका सहायक उपसचिव अब्दुल्ला अलनुयमीको नेतृत्वमा कर्मचारी टोली नेपाल आएको थियो । संयुक्त बैठकमा नेपालको तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेलले नेतृत्व गरेका थिए ।



छलफलपछि मन्त्रालयद्वारा जारी विज्ञप्तिमा नेपाल सरकारको श्रम तथा वैदेशिक रोजगारसम्बन्धी पछिल्ला कानूनहरूको जानकारी गराई यूएईमा न्यूनतम तलबको सुनिश्चितता, मृत्यु हुने कामदारको शव नेपाल ल्याउने व्यवस्था, जेल तथा कैदमा रहेका नेपाली श्रमिकहरूको रिहाई तथा आममाफीसहित नेपाल फर्किएपछिको सीप स्तरोन्नती, शून्य लागतमा श्रमिक लैजाने र नैतिक एवम् स्वच्छ भर्ना प्रक्रियालाई प्रोत्साहन गर्ने विषयमा छलफल भएको उल्लेख छ । यूएईले इम्प्लोइमेन्ट पे मोडलबाट कामदार लैजाने विषयमा सहमति जनाउँदै रोजगारदाताको कमजोरी भएमा कामदारले रोजगारदाता परिवर्तन गर्न पाउने विषयमा सहमति जनाएको बताइएको छ ।

यूएईले कम्पनीले तीन महिनासम्म रोजगार उपलब्ध गराउन नसके कामदारले बेरोजगार भत्ता पाउने र उनीहरूले २४ घण्टाको बीमा नीति लागू गरेर महिला कामदारको सुरक्षाका विशेष उपायहरु सुनिश्चित गरी राहदानीलगायत व्यक्तिगत परिचयसम्बन्धी कागजात साथमा राख्नेसहित नेपाली कामदारको सुरक्षा र अधिकार रक्षाका लागि काम गरेको बताएको छ ।

मन्त्रालयको विज्ञप्तिमा यूएईले सुरक्षाका सबै प्रबन्ध गरेको प्रतिबद्वता जनाउँदै घरेलु कामदार पठाउन आग्रह गरेको उल्लेख छ । छुट्टै प्रोटोकलका आधारमा घरेलु कामदार पठाउने विषयमा सहमति जनाएको नेपालले सरकारको उच्च तहमा छलफल गरेर घरेलु कामदार पठाउने विषयमा कुटनैतिक जवाफ पठाउने प्रतिबद्वता जनाएको बताइएको छ ।

# कार्कीसँग प्रष्टीकरण आज

उजुरीकर्तासँग छलफल सकिएसँगै आज बिहान ८ बजे प्रस्तावित प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलाई समितिमा बोलाउने निर्णय भएको समितिका सदस्य डीपी अर्यालले बताए ।

**काठमाडौं/मस–** प्रस्तावित प्रधानन्यायाधीश हरिकृष्ण कार्कीविरुद्धको उजुरीका सम्बन्धमा संसदीय सुनुवाइ समितिले उजुरीकर्तासँगको छलफल टुंगाएको छ । बुधबार बिहान ११ बजेबाट समितिले उजुरीकर्तासँग थप प्रष्ट पार्न छलफल गरेको थियो ।

उजुरीकर्तासँग छलफल सकिएसँगै आज बिहान ८ बजे प्रस्तावित प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलाई समितिमा बोलाउने निर्णय भएको समितिका सदस्य डीपी अर्यालले बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदसमेत रहेका अर्यालले उजुरीकर्तासँग छलफल सकिएको र प्रस्तावित प्रधानन्यायाधीशलाई बिहीबार बिहान ८ बजे बोलाउने निर्णय भएको बताए । संसदीय सुनुवाइ समितिको बैठक आज बिहान ८ बजेबाट बस्ने र बिहान १० बजेसम्ममा प्रस्तावित प्रधानन्यायाधीशमाथि परेको उजुरीका विषयमा प्रष्ट पार्न समय दिने र कार्ययोजना समेत सुन्ने सांसद अर्यालले बताए ।

सांसद अर्यालका अनुसार आज बिहान ८ बजेबाट सुनुवाइ सुरु गरी १० बजेसम्म सकाउने तयारी गरिएको छ । बिहान १० बजे नै सुनुवाइ सकिएपनि संवैधानिक परिषद्ले प्रधानन्यायाधीशका रुपमा गरेको सिफारिस अनुमोदन गर्ने कि नगर्ने भन्ने निर्णय गर्न फेरि समितिको बैठक बस्ने सांसद अर्यालले बताए ।

Urgently Required

A well established foreign employment company is looking for the following staff.

**Office Documentation (Male/Female)** **2 Nos.**

**Requirements:**
- 10+2 passed from a recognized university.
- Should have good computer knowledge.
- Should have knowledge of MS Office and Photoshop.

**Labour Depart (Male)** **1 Nos.**

**Requirement :**
- 10+2 passed from a recognized university.
- Work under rules and regulations of office and Baideshik Rojgar Bibhag.

Salary is Negotiable

Preference will be given to candidate with experience of 3 years in similar fields.

DHR Govt. Lic. No.: 789/065/066
**Destiny Human Resource Nepal Pvt. Ltd.**
Tinkune, Kathmandu, Tel : 01-5104632, 5104634, 9851170405, 9851202756
Email: padamgiri999@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
३२ जेठ २०८०, बिहिबार
15 June 2023, Thursday

# ‘चेन अफ कमान्ड’भन्दा बाहिर सुरक्षा प्रणाली चल्न सक्दैन : गृहमन्त्री श्रेष्ठ



**काठमाडौं/मस–**उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा प्रणाली चेन अफ कमान्डभन्दा बाहिर गएर चल्न नसक्ने बताएका छन् ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको बुधबारको बैठकमा उनले भने, ‘चेन अफ कमान्डलाई कमजोर गरेर सुरक्षा निकाय परिचालन हुन सक्दैन । अहिले चेन अफ कमान्डलाई सुस्पष्टरुपमा सुदृढ तुल्याइएको छ ।’

उनले शान्तिसुरक्षा आम नागरिकसँग मात्र सम्बन्धित नभई राजनीतिक परिवर्तनको औचित्य र दिगोपनसँग जोडिएको विषय रहेको बताए । उनले मुलुकको भू-राजनीतिक संवेदनशीलता र राष्ट्रको सुरक्षा समेतलाई ध्यान दिएर शरणार्थीलगायतका विषयमा आवश्यक नीति लिइने जानकारी दिए ।

नक्कली भूटानी शरणार्थी प्रकरणमा प्रहरीले स्वतन्त्र, निष्पक्ष छानबिन र अनुसन्धान गरी अभियोजनका लागि अदालतमा पुऱ्याएको जनाउँदै उनले निर्धारित कार्य प्रक्रियाबाट अनुसन्धान बाहिर नगएको स्पष्ट गरे । गृहमन्त्री श्रेष्ठले भने, ‘कोही निर्दोष डराउन पर्दैन, दोषी र अपराधकर्ममा संलग्नलाई सरकारले छोड्दै भन्ने परेको छ भने त्यो ठीक हो । तर निर्दोष कोही आतकिंत हुन पर्दैन ।’

देशको परराष्ट्र र राष्ट्रिय सुरक्षा नीतिका सम्बन्धमा राष्ट्रिय एकता कायम गर्नुको साटो दलगत स्वार्थका आधारमा बोल्नु, आलोचना र व्यवहार गर्नु उपयुक्त नहुने बताउँदै उनले सार्वभौमिकता, राष्ट्रियहित र सुरक्षालाई कमजोर तुल्याउने कार्यमा कोही पनि संलग्न हुन नहुने धारणा राखे ।

सशस्त्र प्रहरी बलको सीमा क्षेत्रको संख्या बढाउन कोसिस भइरहेको र समनिकटताका आधारमा छिमेकीसँग असल मैत्रीपूर्ण सम्बन्ध कायम गर्न सरकार पनि उत्तिकै दृढ रहेको गृहमन्त्री श्रेष्ठको भनाइ थियो । शान्ति सुरक्षा र अमनचयन सरकारको प्राथमिकताको विषय रहेको उल्लेख गर्दै उनले राष्ट्रिय एकता कायम गर्ने सरकारको पहिलो प्राथमिकतामा रहेको बताए ।

स्वतन्त्र परराष्ट्र नीतिका माध्यमबाट छिमेकी मुलुकसँग पारस्परिक हितका आधारमा असल मैत्रीपूर्ण सम्बन्ध कायम गर्न सरकार दृढ रहेको जनाउँदै उपप्रधानमन्त्री श्रेष्ठले राष्ट्रिय सुरक्षा प्रवर्द्धनका निम्ति राष्ट्रिय सहमति र एकतालाई केन्द्रविन्दुमा राखेर सरकारले काम गरिरहेको बताए । उनले भने, ‘सरकार राष्ट्रिय हित र एकतालाई केन्द्रविन्दुमा राखेर काम गर्न प्रतिबद्ध र संकल्पबद्ध छ । यो व्यवहारमा लागू गर्न अरु सबैलाई पनि अपिल गर्छौं । यसमा अझै बढी ध्यान जान जरुरी छ ।’

जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने सरकारको आशय नभएको स्पष्ट गर्दै गृहमन्त्री श्रेष्ठले भने, ‘ती कार्यालय खारेज भएका छैनन्, खारेज हुँदैनन् । निर्वाचन कार्यालय छुट्टै रहन्छ ।’ निजामती कर्मचारीलाई दलगतरुपमा हेर्ने दृष्टिकोण आफैँमा घातक रहेको बताउँदै उनले राजनीतिक दृष्टिकोणका आधारमा कर्मचारीलाई कुनै विभेदको व्यवहार नगरिने स्पष्ट पारे । सदस्यहरुको एक प्रश्नको जवाफमा गृहमन्त्री श्रेष्ठले भने, ‘सरकार स्वेच्छाचारी बन्ने दिशातर्फ जाँदैन, लोकतन्त्रको पक्षमा दृढ रहन्छ । कमी कमजोरी सच्याउँदै अघि बढ्छ ।’

नागरिकताको प्रमाणपत्र नपाएर पीडा भोगिरहेकालाई छिटोभन्दा छिटो नागरिकता उपलब्ध गराउन सरकार दृढ भए पनि अदालतको निर्णय मान्नै पर्ने बाध्यता रहेको हुँदा यसका विषयमा अदालतबाट छिटो सुनुवाइ होस् भन्ने सरकारको चाहना रहेको उनले स्पष्ट गरे ।

## निर्वाचन कार्यालय खारेजीको निर्णय पुनरावलोकन गर्न निर्देशन

राष्ट्रिय सरोकार तथा समन्वय समितिले जिल्ला निर्वाचन कार्यालय हटाउने निर्णयको पुनरावलोकन गर्न सरकारलाई निर्देशन दिएको छ ।

बुधबार बसेको समितिको बैठकले संघीय संसदमा पेस भएको आगामी आर्थिक वर्षको बजेटमा जिल्ला निर्वाचन कार्यालय खारेजीको कुरा अटाएको भन्दै सरकारलाई यसको पुनरावलोकन गर्न निर्देशन दिएको हो ।

बैठकपछि समिति सभापति दिलकुमारी रावल थापा पार्वतीले बजेटमा जिल्ला निर्वाचन कार्यालय खारेजी गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन इकाइ रहने गरी प्रस्ताव भएको यसमा पुनर्विचार गर्न निर्देशन दिएको बताइन् ।

रावलले स्वतन्त्र संवैधानिक निकायको कार्य संविधानको भावनाबमोजिम आवदिक निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष र विश्वसनिय तवरले सम्पन्न गराउने निर्वाचन आयोगसँग परामर्श गरी उक्त प्रस्ताव पुनरावलोकन गर्न सरकारलाई निर्देशन दिइन्।

उनले संविधान बमोजिम निर्वाचन आयोगले आफ्नो काम पूरा गर्न आवश्यक कर्मचारी, अन्य सरसहयोग नेपाल सरकारको पनि दायित्व रहेको र निर्वाचन आयोगलाई उक्त निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा गराउन सरकारले आवश्यक सहयोग गर्न निर्देशन दिइन् । सभापति रावलले राष्ट्रिय सुरक्षा लगायतका विषयमा समितिले उपसमित बनाएर छलफल गरिरहेको र थप गृहकार्यबारे अध्ययन गरी सरकारलाई निर्देशन दिने कुरामा समिति जुटेको बताइन् ।

## देशलाई पुनः द्वन्द्वमा धकेल्ने षड्यन्त्र भयो : डा. भट्टराई



**गोरखा/मस–**नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले द्वन्द्वकालीन मुद्दालाई बल्झाएर अदालतमा पुऱ्याउनु देशलाई पुनः द्वन्द्वमा धकेल्ने षड्यन्त्र भएको बताएका छन् ।

जिल्लामा सञ्चालित रणनीति पूर्वाधार विकासको अवस्थाबारे जानकारी लिन गोरखा आएका उनले सदरमुकाममा बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा भने, ‘यो घटना एक प्रकारको पुरानो घाउहरुलाई कोट्याई रहेर देशलाई फेरि द्वन्द्वतिर फर्काउने केही शक्तिको चलखेल हो । त्यसैका लागि यसमा केही पात्रहरुलाई उभ्याइएको छ ।’

पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले विस्तृत शान्ति सम्झौताले यसलाई सम्बोधन गरिसकेको जनाउँदै बाँकी रहेको काम सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी छानबिन आयोगमार्फत छिटोभन्दा छिटो हल गर्ने विषय रहेको बताए ।

‘द्वन्द्वका प्रत्येक कुरालाई कोट्याएर मुद्दा मामिलामा गयौं भने त्यसको अर्थ फेरि देशलाई द्वन्द्वमा लै जाने भन्ने कुरा हुन्छ’, उनले भने, ‘त्यो अत्यन्त गैरजिम्मेवार कुरा हो ।’ उनले सरकारले ल्याएको बजेट नीति तथा कार्यक्रमले उल्लेख उत्साह भने ल्याउन नसकेको पनि दाबी गरे । पूर्वप्रधानमन्त्री डा. भट्टराई बूढीगण्डकी जलविद्युत् आयोजना नेपाल आफैँले बनाउनुपर्नेमा जोड दिनु बताए ।

### विपद् ...

भौतिक क्षति हुनुका साथै ७५ हजार ८ सय बढी परिवार प्रभावित भएका छन् भने अझै ५ सय ३२ जना बेपत्ता छन् ।

सिन्धुपाल्चोक, धादिङ, ओखलढुंगा, चुरे क्षेत्र, बाजुरा, जाजरकोट, कालीकोट, पश्चिम रुकुम, डोल्पा, रोल्पा, गुल्मी, पाल्पा, इलाम र ताप्लेजुङ पहिरोको उच्च जोखिममा छन् । त्यस्तै, बाढीको जोखिममा रौतहट, सर्लाही, महोत्तरी, उदयपुर, सप्तरी, सुनसरी, मोरङ र झापा लगायतका तराईका जिल्ला छन् ।

‘घटना घटिसकेपछि उद्धार गर्ने कार्य राम्रो भए पनि पूर्वतयारीमा हाम्रो सरकार कठैबरा भन्नलायक छ, यस्ता विपत्तिलाई केन्द्रित गरेर सरकारले ठूलो खर्च गरेको छ, तर परिआउँदा काम लाग्दैन’ पूर्वाधारविद् सूर्यराज आचार्यले भने । उनले पूर्वतयारीको नाममा बजेट खर्च गर्ने तर, नतिजा शून्य देखिने प्रवृत्ति दोहोरिरहेको बताएका हुन् । नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो । तर, मनसुन भित्रिएकोबारे सरकार जानकार हुँदा समेत सरकारले पूर्वतयारीमा पूर्ण ध्यान दिनै सकेको छैन ।

### सरकार...

१ गते बजेट ल्याउने समय छ ।’ विश्वासको मत नलिने भए सरकार छाड्नुपर्ने उनको माग छ।

‘बजेट ल्याउने समय छ, असार १ गते राति १२ बजेसम्म समय छ’, उनले भने, मुख्यमन्त्रीलाई भन्छु हिम्मत गर्नुहोस्, छैन भने छाड्नुहोस् ।’

नेकपा एकीकृत समाजवादी पार्टी कोशी प्रदेश संसदीय दलका नेता राजेन्द्र राईले विश्वासको मत लिएर मात्रै बजेट ल्याउन सरकारलाई आग्रह गरेका छन् ।

### जाति...

अधिकारीहरूलाई बोलाएर म कुरा गर्छु,’ प्रधानमन्त्री दाहालले भने, ‘कतिपय जातिभित्रका थरहरूलाई जाति बनाउनु हुँदैन, त्यसले विभाजन ल्याउँछ भन्ने कुरामा म पनि कन्भिन्स छु । यसबारेमा सत्य, तथ्य बुझेर करेक्सन गर्न लगाउँछु ।’

जनगणनामा गुरुङ जातिबाट घले, मगर जातिबाट पुन छुट्टाएको छ भने राई जातिलाई धेरै टुक्रामा विभाजन गरेको छ। यो कुरा कानुनसम्मत हुनुपर्ने माग आदिवासी जनजातिहरूले गर्दै आएका छन् ।

यसअघि आदिवासी जनजाति आयोगले समेत तथ्यांक विभागलाई तथ्यांक सच्याउन आग्रह गरेको भए पनि कार्यालयले बेवास्ता गरेको महासंघका महासचिव राईले बताए ।

यसैबीच, नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान खारेज गर्ने सरकारको तयारीका सम्बन्धमा पनि प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएका थिए । सरकारले प्रतिष्ठान खारेज गर्ने तयारीस्वरुप आगामी वर्षको बजेट कटौती गरेको भन्दै प्रतिष्ठान नेपालमा रहेका आदिवासी जनजातिसँग प्रत्यक्ष सम्बन्ध राख्ने महत्त्वपूर्ण निकाय भएको भन्दै त्यसलाई खारेज गरेमा आदिवासी जनजातिको पहिचान नै खारेज हुने बताएका थिए ।

प्रतिष्ठान खारेज भएमा आदिवासी जनजातिहरूलाई पहिचान गर्ने प्रतिष्ठान ऐन पनि खारेज हुने र त्यसले आदिवासी जनजातिको पहिचान नै खारेज हुने खतरा बढेको महासंघका अध्यक्ष गेल्जे लामा शेर्पाले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७७/०९/१९ मा दर्ता भएको **प्रा.लि. नं. २५१८९०** को **बयरघारी भिरकोट कन्स्ट्रक्सन एण्ड सप्लायर्स सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**UAE मा रोजगार** | कम्पनी: **WESTERN BAINOONA GROUP FOR GENERAL CONTRACTING**
शहर: **DUBAI**
पूर्व स्वीकृत मितिः २०७८/०६/३१ चलानी नं.: ६०१६५३८२ L.T. No.: 248709 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintenance Workers | 119 | 0 | स. काममा दक्ष | 800 | २८,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार ७ गते (22 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शूल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

WE'RE HIRING
APPLY NOW!
**DOCUMENTATION OFFICER**
Requirements:
- At least +2 with two years' experience, (Bachelor degree with one year's experience is preferable)
- Must how to use FEIMS/DOFE
- Recruitment experience is desirable
- malaysia recruitment knowledge will be given a priority.

Salary: Negotiable

Interested candidates are informed to send their application with CV in the following address by June 16, 2023

*Pratikhumanr@gmail.com*

श्रम इजाजत नं. १५४१/०७८/०७९
**PRATIK HUMAN RESOURCE PVT. LTD.**
Sinamangal - 9, Kathmandu, Nepal
Tel: 977-01-5913092

## केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**केराबारी, मोरङ, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८०/०२/३२)**

यस कार्यालयको तपसिल मितिमा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको कार्यको लागि दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रहरु “न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही” भएकाले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा १ बमोजिम छनौट गरिएकाले सोही ऐनको उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आसयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | सूचना प्रकाशित मिति | ठेक्का नं./कामको विवरण | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक रु (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | २०८०/०१/२२ | Construction of Dale Khola Motorable RCC Bridge, Bimire KRM-6, (KRMC /MOR/W/NCB-17(079/080) | हलेसी निर्माण सेवा काभ्रे | १,१६,०६,१८४.५८ |
| २ | २०८०/०१/२६ | Construction of Deep Boring Work at 2 Places KRM 6 & 9 (KRMC/MOR/W/NCB-18(079/080) | सूर्याश एण्ड नायरा कन्स्ट्रक्सन प्रा.लि. ललितपुर | ४७,७३,४७८.७ |

**प्रमुख प्रशासकीय अधिकृत**

## डिलासैनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**डिलासैनी, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आसय पत्र**

**प्रकाशित मिति : २०८०/०२/३१**

**श्री A G Health Industries.**

प्रस्तुत विषय सम्बन्धमा मिति २०८०/२/११ गते मध्यान्ह राष्ट्रिय दैनिक प्रत्रिकामा दोस्रो पटक प्रकाशित सूचना, ठेक्का नं DRM/BTD/SQ/Goods/02–2079–80 (Supply and delivery of Sanitary Pad) बमोजिम यस कार्यालय अन्तर्गत बि एन कन्सट्रक्सन को मु.अ.कर बाहेक ७,३४,३८४।- (अक्षरुपी सात लाख चौतिस हजार तिन सय चौरासी रुपयाँ मात्र) को बोलपत्र स्वीकृत गर्न सिफारिस भएको हुदाँ कुनै प्रतिक्रिया भए ७ दिन भित्र पठाइदिनु होला । तोकिएको म्याद भित्र कुनै प्रतिक्रिया प्राप्त नभए बोलपत्र स्वीकृति गर्न तर्फ कारबाही अगाडी बढाउने व्यहोरा अवगत गराइन्छ ।

**बोधार्थः**

**श्री Health & Hygiene**
**श्री B.N Construction**
**श्री Jasmine Hygiene**

**गणेश सिंह बोहरा**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

## ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोखरी भञ्ज्याङ्ग, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**
**२०७३**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति : २०८०/०२/३२ गते**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/०१/२१ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्यूनतम मूल्यांङ्कित सारभुतरुपमा प्रभावग्राही भई बोलपत्र मुल्याङ्कन समितिले गरेको निर्णय अनुसार स्वीकृतको लागि प्रकृया अगाडी बढाउनु पर्ने भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागी यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कामको विवरण | ठेक्का नं | बोलपत्र दाताको नाम र ठेगाना | कबोल बोल रकम | ला.ई.भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | Procurement And Supply of Fabrication Package (Fabricated Steel Parts for Trail Bridge) | 11/RRM/THN/NCB/GOODS/2079-80 | Inter Tech Pvt. Ltd., Butwal | NRs. 32,88,053.00/- (Inclusive Taxes) | 8.29 Percent Lower | |

**प्रमुख प्रशासकीय अधिकृत**

# उखु किसानका समस्या अध्ययन गर्न संसदीय उपसमिति गठन



**काठमाडौं/मस**-उखु किसानका समस्याबारे अध्ययन गरी समाधानका उपाय सिफारिस गर्न संघीय संसद् प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले उपसमिति गठन गरेको छ ।

समितिका सदस्य कृष्णकुमार श्रेष्ठको संयोजकत्वमा रामशंकर यादव, सूर्यमान तामाङ (दोङ), कान्तिका सेजुवाल, गणेश पराजुली सदस्य रहने गरी पाँच सदस्यीय उपसमिति गठन भएको हो । समितिको बुधबारको बैठकले चिनी उद्योग तथा उखु किसानका समस्या तथा सुझाव अध्ययन उपसमिति गठन गरेको छ ।

उपसमितिलाई ३० दिनभित्र अध्ययन प्रतिवेदन पेस गर्न समयावधि दिइएको छ । ज्येष्ठ सदस्यका रुपमा समिति बैठकको सभापतित्व रणेन्द्र बरालीले गरेका थिए ।

उखु किसानले चिनी मिलबाट पाउनुपर्ने बक्यौता रकम तथा न्यूनतम सटमर्थन मूल्य नपाएको लगायतका विषयबारे यो उपसमितिले अध्ययन गरेर समितिमा सुझाव पेस गर्नेछ ।

समितिको बुधबारको बैठकमा वैदेशिक रोजगारीमा जाने कामदारका लागि सरकारले लागू गरेको 'फ्रि भिसा फ्रि टिकट'को प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन नभएको, आगामी आर्थिक वर्षको बजेटबाट सरकारले करका दरमा गरेको हेरफेरबाट परेको प्रभावलगायतका विषयमा छलफल भएको छ ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा परेको उजुरीमाथि छलफल गर्ने आजको कार्यसूची थियो । मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) ले तयार पारेको 'वैदेशिक रोजगार सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएका आदेशको कार्यान्वयनसम्बन्धी अवधारणापत्र'माथि आजको बैठकमा छलफल भएको छ ।

त्यस्तै, आगामी आर्थिक वर्षको बजेटले सुनको भन्सार बढाएको तथा सुनचाँदीलाई विलासिताको वस्तुको रुपमा राखेको विषयमा नेपाल सुनचाँदी व्यवसायी महासंघको उजुरी र पेट्रोलियम पदार्थमा भएको अनुचित मूल्यवृद्धिबारे उपभोक्ता हित संरक्षण मञ्च-नेपाल को उजुरी माथि पनि छलफल भएको छ । समितिको आगामी बैठकमा यी विषयसँग जोडिएका सम्बन्धित मन्त्रालय तथा निकायका पदाधिकारीलाई बोलाएर छलफल गर्ने निर्णय पनि आजको बैठकले गरेको छ ।

# ६३ वटा बैंक खाता खोलेर अवैध कारोबार



**काठमाडौं/मस**-विभिन्न खेल तथा अनलाइन गतिविधिमा सट्टेबाज (जुवा) खेल्न प्रयोग हुने 'वान एक्स बेट'मार्फत एकै व्यक्तिले ६४ करोड रुपैयाँको अवैध कारोबार गरेको फेला परेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालका अनुसार कैलाली घर भई चाबहिल बस्ने दिनेश खड्काले विलाश थारु, तेजबहादुर खड्का, नवीन चौधरी, अनिता धितालको कागजात प्रयोग गरेर १२ जनाको नाममा खाता खोलेर सट्टेबाजको मुख्य एजेन्टकोरुपमा सक्रिय भएको पाइएको हो ।

सट्टेबाजको रकम प्रयोग गर्न दिनेशले ६३ वटा खाता खोलेको भेटिएको कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा.मनोज केसीले जानकारी दिए ।

उनका अनुसार उनीसहित सट्टेबाजीको एजेन्टकारुपमा सक्रिय रहेका अन्य चार जनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ । पक्राउपर्नेमा निज खड्का, अनिता धिताल, दीपेश श्रेष्ठ, दिनेश चन्द र आशिष लामिछाने छन् ।

उनीहरुले सट्टेबाजमा ७४ करोड १३ लाख रुपैयाँ कारोबार गरेको पाइएको छ । आशिषले तीन करोड रुपैयाँ कारोबार गरेको फेला परेको छ भने दिपेशले पाँच करोड ५४ लाख रुपैयाँ कारोबार गरेको फेला परेको प्रहरी उपरीक्षक डा.केसीले बताए । उनका अनुसार आशिषको साथबाट प्रहरीले रू ३७ लाख बरामद गरेको छ । उनीहरुको साथबाट ल्यापटप, मोबाइल, सिमलगायत विभिन्न सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ ।

कार्यालयले बरामद सामग्रीसहित उनीहरुलाई आज सार्वजनिक गरेको हो । उनीहरुले क्रिप्टो करेन्सीको कारोबार गरेको प्रमाणसमेत फेला परेकाले राष्ट्र बैंक ऐन र जुवा ऐनबमोजिम मुद्दा अघि बढाउने तयारी गरेको प्रहरीले जनाएको छ ।


**गंगा देवी कृषि तथा पशुपालन प्रा. लि. (लिक्वीडेशन) सम्बन्धमा हदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन वमोजिम मिति २०७८/०५/२४ मा दर्ता भएको प्रा.लि.नं. २७१२०९ को गंगा देवी कृषि तथा पशुपालन प्रा.लि.लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८०/०२/३१ गतेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरी अधिकारी लिक्वीडेटर इजाजत पत्र नं. ५४७, मो.नं. ९८४२६३८३६७**



**SAUDI र KUWAIT मा वैदेशिक रोजगारको अवसर**

**कम्पनी : JAWA HUMAN RESOURCE COMPANY** शहर: **Saudi Arabia**
पूर्व स्वीकृत मिति: २०७९/११/२९ चलानी नं.: ६०१९७९५६ LT. No.: 282586 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी : ROY RESTAURANT** शहर:Kuwait
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.:६०१६९८९८ L.T. No.: 253135 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 10 | 0 | स. काममा दक्ष | 120 | ५१,३४९ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ७ गते (22 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9851024839
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com



## श्री भैरव नमुना माध्यमिक विद्यालय
**झोता, बझाङ्ग**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८०/०२/३२**

प्रस्तुत विषयमा यस विद्यालयबाट तपशिल बमोजिमको श्री भैरव नमुना मा वि भवन निमाण कार्यको लागि निम्न मिति २०७९/११/२० गते प्रकाशित सूचना बमोजिम यस विद्यालयमा बोलपत्र (E– bids) मार्फत पेश हुन आएका सबै बोलपत्रहरुको मूल्याङकन गर्दा रितपुर्वक देखिएका तपशिल बमोजिमका बोलपत्रहरु प्रारम्भिक आर्थिक परिक्षण र पुर्णताको परिक्षण समेतका आधारमा आर्थिक रुपमा न्यूनतम मुल्याङकित बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतीका लागि सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ स्वीकृत गर्न आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| ठेक्का नः | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि.ए सहित) |
|---|---|---|
| BSS/Bajhang/NCB /Work-1/2078/79 Bhairab Model Secondary School Building Construction | Anmol Nirman Sewa Kedarsyun Rural Municipality ward 1 Deura Bajhang | रु. 1,99,39,816.19 (अक्षेरुपी रु एक करोड उन्नासौ लाख उन्चालिस हजार आठ सय सोह्र पैसा उनाइस मात्र।) |

**बोधार्थ:**
Munal Construction Bajhang — रु. 2,18,58,009.50 (with Vat)
Sunrise-Matsa JV — रु. 2,42,53,311.07 (with Vat)
Dev Singh Nirman sewa — रु. 2,51,02,005.59 (with Vat)

**प्र.अ.**


# बालिका अपहरण गर्ने युवकलाई तीन वर्ष जेल




**सप्तरी/मस**–दुई बालिकालाई अपहरण गरेको अभियोगमा राजविराज नगरपालिका-२ घर भई हाल सुनसरीको कोशी गाउँपालिका बस्दै आएका ३६ वर्षीय नवीनप्रसाद देवलाई तीन वर्ष कैद सजाय भएको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्नामको इजलासले देवलाई तीन वर्ष कैद सजायका साथै रु. ३० हजार जरिवाना तिराउने फैसला गरेको हो । देवले पीडितलाई रु. ५० हजार क्षतिपूर्ति दिनुपर्ने र एक हजार दुई सय फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गर्नुपर्ने गरी फैसला भएको अदालतले जनाएको छ ।


**लुम्बिनी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## सडक पूर्वाधार विकास कार्यालय
**रुपन्देही**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति:- २०८०/०२/३२**

यस कार्यालयबाट मिति २०८०/०१/१५ गते प्रकाशित वोलपत्र आव्हान सम्वन्धी सूचना अनुसार मिति २०८०/०२/१५ गते दिनको १२:०० वजे सम्म www.bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको वोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | आयोजनाको नाम | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| 1 | Construction of Shivachowk–Premchowk–Devadaha Marga with Lined Drain and Blacktop Tilottama, Rupandehi (Ch. 0+000–2+100) | RIDORUP/ RUP/134/NCB/ 079/080/190 | Tirupati Nirman Sewa Tatha Suppliers Sunwal 1, Nawalparasi West | 7,05,74,345.86 |



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बाह्रविसे, सिन्धुपाल्चोकको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/३२ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय बाह्रविसे, सिन्धुपाल्चोकबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**१. ऋणीको विवरण:**
कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०५/०५ मा दर्ता नं. १९६६६०/०७५/०७६ दर्ता कायम भई काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं.५, नयांवस्ती स्थित रजिष्टर्ड कार्यालय रहेको **वेनवेन वियर इन्टरप्राइजेज प्रा.लि.** (सञ्चालक कालु तामाङको नाति, लार्केल तामाङको छोरा, फुल माया तामाङको पति, सिन्धुपाल्चोक जिल्ला, बाह्रविसे न.पा. वडा नं. ६ (साबिक गाती गा.पा. वडा नं.७) बस्ने **राम बहादुर तामाङ** (ना.प्र.नं. २९६, जारी मिति २०४४/११/०५, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. कालु तामाङको नाति, लार्केल तामाङको छोरा, फुल माया तामाङको पति, सिन्धुपाल्चोक जिल्ला, बाह्रविसे न.पा. वडा नं.६ (साबिक गाती गा.पा. वडा नं.७) बस्ने **राम बहादुर तामाङ** (ना.प्र.नं. २९६, जारी मिति २०४४/११/०५, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक ) ।
२. राम मोक्तानको नाति, लक्ष्मण तामङको छोरी, राम बहादुर तामाङको पत्नी, सिन्धुपाल्चोक जिल्ला, बाह्रविसे न.पा. वडा नं.६ (साबिक गाती गा.पा. वडा न.७) बस्ने **फुल माया तामाङ** (ना.प्र.नं. २४१२८७३/९७९२६, जारी मिति २०५६/११/२१, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक) ।

**धितो सुरक्षणको विवरण:**
१. **राम बहादुर तामाङ**को नाममा मालपोत कार्यालय, सिन्धुपाल्चोकमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, गाती गा.पा., वडा नं.०७ स्थित कित्ता नं. १३९२, १३६७ र १३६३ को क्षेत्रफल क्रमश: ०-१०-३-०, ०-१०-२-०, र ३-१४-०-२ (रो-आ-पै-दा) को जग्गा र कित्ता नं.१३९९ को क्षेत्रफल ०-२-१-१ (रो-आ-पै-दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. ऋणी **वेनवेन वियर इन्टरप्राइजेज प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**२. ऋणीको विवरण:**
फुल मान घतानीको नाति, धन जित कामी/सुन माया कामीको छोरा, शान्तिदेवी घतानीको पति, सिन्धुपाल्चोक जिल्ला, भोटेकोशी गा.पा., वडा नं.२ (साबिक लिस्ती गा.वि.स. वडा नं.६) बस्ने **संच बहादुर घतानी** (ना.प्र.नं.२६१/६०१, जारी मिति २०४४/११/०१, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. धन जित कामीको बुहारी, संच बहादुर घतानीको पत्नी, सिन्धुपाल्चोक जिल्ला, भोटेकोशी गा.पा. वडा नं.०२ (साबिक लिस्ती गा.वि.स. वडा नं.०६) बस्ने **शान्तिदेवी घतानी** (ना.प्र.नं. २४१००२/१६६, जारी मिति २०६७/०९/११, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक) ।

**धितो सुरक्षणको विवरण:**
१. **संच बहादुर घतानी**को नाममा मालपोत कार्यालय, सिन्धुपाल्चोकमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक तातोपानी गा.वि.स. वडा नं.०१ स्थित कित्ता नं. १०९ को जग्गा क्षेत्रफल १०४५.३० (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बाह्रविसे, सिन्धुपाल्चोक फोन नं. ०११-४८९०९५**



## Madane Rural Municipality
## Office of Rural Municipal Executive
**Purkotdaha, Gulmi**

**Invitation for Online Bid**

**Date of publication: 2023-06-15 (2080/02/32)**

**Notice No :17/079/80**

1. Madane Rural Municipality Purkotdaha, Gulmi invites online bids Under E-Procurement system to the bidders for the supply of following goods under Sealed Quotation bidding procedure:


| S.N | Contract Identification Number | Works of description | Bid of security amount Nrs | Estimated amount with VAT &Ps | Bid Security validity period | Bid document fee Nrs | Remerks |
|---|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GUL-G-SQ-06-2079/080 | Supply & Delivery of Renewable Energy Technology installation programme | 21000 | 806616 | 75 days | 1000 | |

2. Date of purchasing submission and opening of bids

| Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|
| 2023-06-29 (2080-03-14) at 12:00 | 2023-06-29(2080-03-14) at 13:00 | Agriculture Development Bank Limited 0425401499748114 (rajaso) |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Madane rural municipality at www.madanemun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Wholly or partially the right to accept or reject the bid document depends on the office of Madane rural Municipality.





मध्यान्ह
www.madhyanhadaily.com
३२ जेठ २०८०, बिहीबार
15 June 2023, Thursday

सम्पादकीय

## विकृत राजनीतिको परिणाम


पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगका अध्यक्ष महेशराज दाहाललाई कालोमसो दल्ने नेवि संघका कार्यकर्ता पक्राउ परेका छन् । प्रहरीले नेवि संघ मोरङका सभापति सरोज पोखरललाई नियन्त्रणमा लिएको हो । दूर्व्यवहारमा संलग्न अन्यको खोजी भइरहेको प्रहरीले जनाएको छ । कर्मचारी भर्ना प्रक्रियामा आफ्नो माग पूरा नभएको भन्दै नेवि संघ मोरङले अध्यक्ष दाहाललाई दूर्ब्यवहार गरेको थियो । २२ वर्षपछि विज्ञान खुलाएर ११५ जना कर्मचारी भर्ना पक्रिया बढाएका दाहाललाई नेवि संघका कार्यकर्ताले कालोमसो दलेपछि प्रहरीमा जाहेरी दिइएको थियो । त्यही जाहेरीका आधारमा नेवि संघ मोरङका सभापति पोखरेललाई प्रहरीले पक्राउ गरेको हो । उक्त दूर्व्यवहारप्रति चर्को आलोचना भइरहेको छ । विशेषगरी प्रतिपक्षी दल नेकपा एमालेले यो एजेण्डालाई चर्कोगरी उठाएको छ ।

अन्य निकायबाट पनि नेवि संघका उक्त कार्यको भर्त्सना भइरहेको छ । विश्वविद्यालय र विद्यार्थी राजनीतिबारे चासो राख्ने जोकोहीले त्यस कार्यको निन्दा गरेको छ । नेवि संघकै नेतृत्वले पनि सेवा आयोगका अध्यक्ष दाहालमाथि भएको दूर्व्यवहारप्रति चिन्ता जनाएको छ । त्यस कार्यको समर्थन जनाउने नैतिकता संभवतः मूल पार्टी नेपाली कांग्रेसका नेताहरूले पनि गर्नेछैनन् । त्यसैले उक्त निन्दनीय कार्यप्रति कांग्रेस नेताहरूले पनि समर्थन जनाउने छैन । अर्थात् नेतृत्वले जिम्मा लिन नसक्ने अवस्थाको यो घटना विश्वविद्यालय र विद्यार्थी राजनीतिको पछिल्लो दृष्टान्त बुझाउने प्रतिनिधि घटना हुन् । यसअघि त्रिभुवन विश्वविद्यालयकै प्राध्यापकमाथि आक्रमण भएको थियो । त्यो घटनामा पनि नेवि संघकै कार्यकर्ता संलग्न थिए ।

केही समय अगाडि एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुका कार्यकर्ताले अमृत साइन्स कलेजका प्राध्यापकमाथि आक्रमण गरेका थिए । कतिसम्म भने परीक्षामा चिटिङ गर्न नपाएको आक्रोशमा राजधानीकै अर्को क्याम्पस आरआरमा प्राध्यापकमाथि हातपात भएको थियो । सार्वजनिक भएका यी घटनाहरू बाहेक पनि विद्यार्थी संगठनका कार्यकर्ताले प्राध्यापकमाथि हमला गरेका अनेक घटना छन् । यस्तो प्रवृत्तिले विश्वविद्यालयकै गरिमामाथि प्रश्न उठ्ने गरेको छ । यद्यपि उस्तै प्रकृतिका घटना दोहोरिनुमा भने आक्रमणकारीले राजनीतिक संरक्षण रहेको बुझ्न गाह्रो पर्दैन । आफू भनेजस्तो विश्वविद्यालय वा क्याम्पस प्रशासनलाई गर्न लगाउने र नभएमा आक्रमणमा उत्रने प्रवृत्तिमा राजनीतिक संरक्षण नहुने हो भने त्यस्तो घटना निरूत्साहित हुन सक्छ । अतः मुलुककै शिक्षण संस्था र विद्यार्थी राजनीतिको इज्जतका निम्ति पनि दोषीमाथि आवश्यक कार्बाही हुन जरूरी छ । त्यसको थालनि मोरङ घटनाबाटै हुनुपर्छ ।

# पुँजी बजारको अवस्था र महत्व

अग्रलेख



● गम्भीर बहादुर हाडा



विभिन्न व्यवसायिक र औद्योगिक प्रतिष्ठानहरुको सञ्चालन, संस्थापन, विकास तथा विस्तारका लागि पुँजी एक अनिवार्य साधन हो । जुन बजारमा दीर्घकालीन अवधिको लागि लेनदेन गरिन्छ, त्यो बजारलाई पुँजी बजार वा स्टक मार्केट भनिन्छ । यस्तो बजारमा संकलित रकम दीर्घकालीन लगानीका लागि उपलब्ध गराइन्छ । पुँजी बजारलाई दुई भागमा विभाजन गर्न सकिन्छ :- प्राथमिक बजार र दोस्रो बजार । प्राथमिक पुँजी बजारमा कम्पनी, संस्था आदिबाट प्रथम पटक निष्काशित शेयर, ऋणपत्र आदि पर्दछन् । यिनीहरुको कारोबार संस्थाको स्थापना गर्दा तयार पारेको प्रबन्ध पत्रको आधारमा रही हुने गर्दछ । यसमा एक पटक कारोबारमा आइसकेको शेयर तथा ऋणपत्रहरु मात्र कारोबारमा आउँछन् । यसरी कारोबारमा आउने शेयरहरु सूचीकृत भइसकेको हुन्छन् । प्राथमिक बजारमा शेयरहरु संस्था, व्यक्ति तथा सर्वसाधारणले सिधै खरिद गर्न सक्दछन् । प्राथमिक बजारमा बिक्री भइसकेको प्रतिभूतिहरुलाई तरलता दिने उद्देश्यले सञ्चालित प्रतिभूतिहरुको बजारलाई दोश्रो बजार भनिन्छ । दोश्रो बजार पनि दुई भागमा विभाजन गर्न सकिन्छ-दर्ता गरिएको प्रतिभूति बजार र काउन्टरमा गरिने बजार । दर्ता गरिएको प्रतिभूति बजार सरकारी निकायमा दर्ता गरिएको हुन्छ । प्रतिभूति बजारमा सूचीकृत नभएका संस्थाको कारोबार बजार 'काउन्टर बजार' हो । यस्ता प्रतिभूतिको कारोबार मध्यस्थकर्ता वा आधिकारिक प्रतिनिधिहरुले गर्दछन् । पुँजी बजारमा रकमको मागकर्ता तथा पूर्तिकर्ताका रूपमा विभिन्न वित्तीय र गैह्र वित्तीय संस्थाहरु संलग्न हुन्छन् । मुद्रा बजारमा सक्रिय हुने कतिपय संस्थाहरु पुँजी बजारमा पनि सक्रिय हुन्छन् । पुँजी बजारका अंगहरु के-के हुन् भन्ने कुरा छन् ।

वित्तीय बजारअन्तर्गत दीर्घकालीन साधन नै पुँजी बजारका साधनहरु हुन्छन् । पुँजी बजारका साधन तमसुक, व्यवसायिक संस्थाका ऋणपत्रहरु (ब्राण्ड), शेयर (स्टक) तथा सरकारी ऋणपत्र (विकास ऋणपत्र, राष्ट्रिय बचतपत्र) हुन् । पुँजी बजारमा कारोबार गर्ने अन्य महत्वपूर्ण साधनमा दीर्घकालीन कर्जा उठाउन सरकारले निष्काशन गर्ने विकास ऋणपत्र, राष्ट्रिय बचतपत्र पर्दछन् । व्यवसायिक संस्थाहरुले निष्काशन गर्ने पुँजी बजारको अर्को साधन ऋणपत्र हो । यस्ता साधन दीर्घकालीन कर्जा निम्ति निष्काशन गरिन्छन् । पुँजी बजार दीर्घकालीन रकमको बजार हो । पुँजी बजारका रकम मागकर्ता तथा पूर्तिकर्ता दुवैबाट परिपूर्ति हुने गर्दछ ।

संगठित संस्थाहरुले आफ्नो पुँजीको आवश्यकता पूरा गर्न सर्वसाधारणहरु समक्ष धितोपत्र निष्काशन तथा बिक्री गर्दछन् । धितोपत्रको माध्यमबाट एकातिर लगानीकर्ताहरुसँग छरिएर रहेको बचत रकम उद्योग धन्दामा परिचालित भई देशको आर्थिक विकासमा योगदान पुग्न जान्छ भने अर्कोतिर लगानीकर्ताहरुलाई लगानीको अवसर प्रदान गर्नुका साथै उनीहरुलाई व्यवसाय सञ्चालनबाट प्राप्त मुनाफामा सहभागी हुन सक्ने अवसरसमेत प्राप्त हुन्छ । लगानीकर्ताले चाहेको समयमा खरिद बिक्री गर्न सक्ने भएको हुँदा साना बचतकर्तादेखि ठूला लगानीकर्ताहरुको लगानी यसप्रति आकर्षित भएको पाइन्छ । कुनै पनि प्रकृतिका धितोपत्रमा गरिने लगानी साधारण तथा जोखिममुक्त हुँदैन । विभिन्न धितोपत्रमध्ये साधारण शेयरमा गरिने लगानीलाई बढी जोखिमपूर्ण मानिन्छ । डिबेन्चरको हकमा तोकिएको समय र दरमा ब्याज तथा साँवा भुक्तानी गर्ने शर्त रहने हुँदा यसलाई शेयरभन्दा कम जोखिमपूर्ण मानिन्छ ।

सरकारी धितोपत्रमा तोकिएको समय र तोकिएको दरमा ब्याज प्रदान गरिने र तोकिएको अवधिमा सावाँ भूक्तानीसमेत निश्चित हुने हुँदा यस्तो धितोपत्रलाई जोखिममुक्त धितोपत्रको रूपमा लिइन्छ । माथि उल्लेख भए झैं कुनै पनि प्रकृतिको धितोपत्रमा लगानी गर्नु भनेको जोखिम उठाउनु हो । पुँजी बजारको गतिविधिबाट देशमा बचत तथा लगानीले धन बढ्न गई उत्पादकत्व पनि बढ्छ । यसले गर्दा देशमा विभिन्न आर्थिक क्रियाकलापको विकास हुन्छ । फलस्वरूप उद्योग, व्यापार र कृषि क्षेत्रमा प्रगतिका लहर आउँछन् । पुँजी बजारमा एक वर्षभन्दा बढी परिपक्वता अवधि भएको वित्तीय साधनहरुको खरिद-बिक्री गरिन्छ । मुद्रा बजारका तुलनामा पुँजी बजारमा रकमका मागकर्ता तथा पूर्तिकर्ताहरु धेरै थरीका हुन्छन् ।

पुँजी बजारको सुधार, प्रभावकारी नियमन व्यवस्था, पुँजी बजारको स्थिरता तथा दीगो विकासका लागि पाँच वर्षीय पुँजी बजार गुरूयोजनामा उल्लेखित कार्यहरूलाई बोर्डको वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा निरन्तरता दिइएको छ । पुँजी बजारमा आइपर्नसक्ने सम्भावित जोखिमलाई न्यून गर्न तथा नेपालको पुँजीबजारको दीर्घकालिन विकासको लागि नेपाल धितोपत्र बोर्डले धितोपत्रसम्बन्धी व्यवसाय गर्न अनुमतिपत्र प्राप्त कम्पनी वा संस्थाको सम्पत्ति शुद्धीकरणको सम्बन्धमा अपनाउनु पर्ने सजगता सम्बन्धमा निर्देशिका जारी गरेको छ । क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्थाबमोजिम इक्रा नेपाल लि.लाई क्रेडिट रेटिङ्ग सेवा सञ्चालनका लागि २०६९ असोज १६ मा अनुमतिपत्र प्रदान गरिएको छ । उक्त संस्था सञ्चालनमा आइसकेकाले नेपाल धितोपत्र बोर्डले मिति २०६९ फागुन ११ पछि बोर्डमा सार्वजनिक निष्काशनको अनुमतिका लागि आवेदन गर्ने संस्थाहरूले क्रेडिट रेटिङ्ग गरेर मात्र सार्वजानिक निष्काशनको व्यवस्था गरेको छ । संगठित संस्थाहरू एक अर्कामा गाभ्ने गाभिने (मर्जर तथा एक्विजीशन) क्रम बढ्दै गएकोमा शेयरधनीहरूको हकहित संरक्षणका लागि गर्नुपर्ने व्यवस्थासहितको निर्देशिका तयारीको क्रममा छ ।

> पुँजी बजारको गतिविधिबाट देशमा बचत तथा लगानीले धन बढ्न गई उत्पादकत्व पनि बढ्छ । यसले गर्दा देशमा विभिन्न आर्थिक क्रियाकलापको विकास हुन्छ । फलस्वरूप उद्योग, व्यापार र कृषि क्षेत्रमा प्रगतिका लहर आउँछन् । आर्थिक क्षेत्रलाई चलायमान गराउने यो क्षेत्रमा केही समस्या पनि देखिन्छन् । दक्ष एवम् प्रभावकारी बजार तथा नियमनको व्यवस्था नगरी यसलाई गतिशील बनाउन जटिल छ ।

धितोपत्र बजारले पूर्ण स्वचालित सेवा प्रदान गरी देशका विभिन्न भागबाट अनलाइन कारोबार भई बजारको विस्तार भएको हुने, क्रेडिट रेटिङ सेवा पूर्णरूपमा क्रियाशील रही धितोपत्र बजारको विश्वसनीयतामा अभिवृद्धि भएको हुने, सामूहिक लगानी योजनाको विस्तार भई धितोपत्र बजारमा पुँजी परिचालन बढ्नेछ र लगानीकर्ताहरुले दक्ष लगानी सेवा प्राप्त गर्ने, सूचीकृत संस्थाहरुको संस्थागत सुशासन तथा सूचना प्रवाहको स्तरमा सुधार भएको हुने र धितोपत्र अभौतिकरूपमा हस्तान्तरण भई कारोबार प्रक्रिया सरल र विश्वसनीय भएको हुनेछ । त्रिवर्षीय योजनामा धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ कम्पनी जस्ता धितोपत्र बजारको अति आवश्यक पूर्वाधारहरुको स्थापनालाई प्रोत्साहन गर्न तत्सम्बन्धी नियमन व्यवस्थाहरु विकास गर्ने कार्य भएको छ । यसअन्तर्गत धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ तथा सामूहिक लगानी कोष नियमावली, २०६७, क्रेडिट रेटिङ नियमावली, २०६८ समेत लागू भइसकेको छ ।

आर्थिक वर्ष २०७९/८० को फागुनसम्म थप २३ (६ लघुवित्त, १७ जलविद्युत) कम्पनी नेप्सेमा सूचिकृत भएका छन् । यसअनुसार २०७९ फागुनसम्म नेप्सेमा सूचीकृत कम्पनीको संख्या २४५ पुगेको छ । २०७८ फागुनमसान्तमा यस्तो संख्या २२८ थियो । आर्थक वर्ष २०७९/८० को फागुनसम्म प्राथमिक बजारमार्फत रु. ४१ अर्ब ४६ करोड बराबरको पुँजी परिचालन भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९३.३ प्रतिशतले बढी हो । यस अवधिमा साधारण शेयरको प्राथमकि निष्काशन मार्फत रु. ५ अर्ब ७६ करोड, हकप्रद शेयर निष्काशन मार्फत रु. ९५ करोड, ऋणपत्र मार्फत रु. २७ अर्ब र म्युचुअल फन्ड मार्फत रु. ७ अर्ब ७५ करोड पुँजी परिचालन भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा प्राथमिक बजार मार्फत रु. २१ अर्ब ४५ करोड पुँजी परिचालन भएको थियो । चालु आर्थिक वर्षको फागुनसम्म कुल पुँजी परिचालनमा ऋणपत्रको अंश करिब ६५ प्रतिशत रहेको छ । पछिल्लो समय ऋणपत्र निष्काशनमार्फत् पुँजी संकलन गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्म १७ करोड २ लाख ५२ हजार कित्ता बराबरको प्रथम निष्कासन, ६४ करोड ८४ लाख ३६ हजार ८ सय ७९ सामुहिक लगानी कोषका ईकाइ, ४ करोड १४ लाख ८० हजार ९ सय १७ कित्ता बराबरको हकप्रद सेयर, २८ करोड ८० लाख ८१ हजार ८ सय ३० कित्ता बराबरको बोनस सेयर, ३ करोड ४३ लाख ३३ हजार ६ सय ४१ कित्ता संस्थागत ऋणपत्र र ६५ करोड कित्ता सरकारी ऋणपत्र नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भएका छन् ।

२०७८ फागुन मसान्तमा रु. ३७ खर्ब ८२ अर्ब ७९ करोड रहेको धितोपत्र बजार पुँजीकरण २५.४ प्रतिशतले कम भई २०७९ फागुन मसान्तमा रु. २८ खर्ब २३ अर्ब ६८ करोड कायम भएको छ । कुल धितोपत्र बजार पुँजीकरणमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको हिस्सा ६४.७ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्यत् कम्पनकिो हिस्सा १३.९ प्रतिशत, लगानी कम्पनीको हिस्सा ६.८ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ३.९ प्रतिशत, होटेलको हिस्सा १.९ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.४ प्रतिशत तथा अन्य समूहका कम्पनीको हिस्सा ८.४ प्रतिशत रहेको छ ।

